आज मिति २०८०/११/२४ गते बिहीबार दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको दशौं बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्ण बहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जाल बहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्र बहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | मोहनकुमार श्रेष्ठ | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | अधिकृतस्तर छैठौं | रामबहादुर न्यौपाने | |

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

## गाउँ कार्यपालिकाको दशौं बैठकको लागि छलफलको विषयवस्तु

१. विगका निर्णयको समीक्षा सम्बन्धमा ।

२. नियुक्ती तथा पदस्थापन सम्बन्धमा ।

३. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धमा ।

४. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्‌यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को पहिलो संशोधन सम्बन्धमा ।

५. अनुमोदन सम्बन्धमा ।

६. झोलुङ्गे पुल निर्माण सम्बन्धमा ।

## निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा नवौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । बैठकको निर्णय पश्चात देखिएको असन्तुष्टि र मिति २०८०।११।०५ मा भएको वार्ताको निश्कर्ष बमोजिम सहमति बमोजिमको अवधिलाई गाउँ सभाको अधिवेशनमा पेश नगर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, वागमती प्रदेश, हेटौडाबाट यस गाउँपालिकामा इञ्जिनियरिङ सेवा, सिभिल समूह, जनरल उपसमूहको इञ्जिनियर पदको अधिकृत स्तर सातौंमा सिफारिस भई आउनु भएका श्री दिकेश प्रजापतिलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ बमोजिम स्थानीय तहको सातौं तह वा सो भन्दा माथिल्लो तहमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले नियुक्ति र पदस्थापन गर्ने व्यवस्था भए बमोजिम उक्त पदमा निजलाई नियुक्ती दिई तथा पूर्वाधार विकास शाखा प्रमुखमा पदस्थापन गर्ने निर्णय गरियो ।

साथै पूर्वाधार विकास शाखा प्रमुख पदमा हालसम्म कार्यरत श्री बद्रिनारायण भुजेललाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । हाल आयोजना सञ्चालनको अत्याधिक चाप रहेको, आयोजनाहरु प्रभावकारी रुपमा सञ्चालन गर्न, गुणस्तर परिमाण र समयमै गाउँपालिकाले सञ्चालन गरेका आयोजना सम्पन्न गर्न दक्ष जनशक्तिको भूमिका महत्वपूर्ण हुने तथा विशेष गरी यस गाउँपालिकामा संघीय तथा प्रदेशबाट समपुरक अनुदानमा सञ्चालनमा रहेका योजनाहरुको नियमित



देविन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

रुपमा प्राविधिक अनुगमन गर्दै परिमाण, समय तथा गुणस्तर सुनिश्चतताको लागि २०८१।०३।३१ सम्मको अवधि रहने गरी २०८०।०८१ को आयोजना सञ्चालन तथा भुक्तानी पश्चात प्राप्त हुने कन्टिन्जेन्सीबाट उपलब्ध पारिश्रमिक उपलब्ध गराउने गरी साविकमा इञ्जिनियर पदको अधिकृतस्तर छैटौं तहमा कार्यरत श्री बद्रिनारायण भुजेलसँग सम्झौता गरी कामकाज लगाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वागमती प्रदेश सरकार अन्तर्गत कृषि विकास निर्देशनालयको मिति २०८० फागुन ०२ गतेको सूचना तथा समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ६ (२) सुनकोशी गाउँपालिकाको देहाय बमोजिमको वडामा देहाय बमोजिम प्राथमिकताको आधारमा कृषिवाली तथा पशुपन्क्षी तथा मत्स्यजन्य उत्पादनको लागि छनौट गरी पठाउने र सो को लागि आवश्यक लागत साझेदारी समेत गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | कृषिजन्य वाली तर्फ | पशुपन्क्षी तथा मत्स्यजन्य वस्तु तर्फ | कैफियत |
|---|---|---|---|---|
| १. | १ | आलु | भैंसी | |
| २. | २ | खाद्यान्न | बाख्रा | |
| ३. | ३ | कफी | बाख्रा | |
| ४. | ४ | कफी | बाख्रा | |
| ५. | ५ | कागती | भैंसी | |
| ६. | ६ | आलु | भैंसी | |
| ७. | ७ | च्याउ | गाई | |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० रहेका प्रावधानहरुमा समसामयिक रुपमा संशोधन गरी बढी भन्दा बढी लाभग्राहीलाई कृषि तथा पशुपालन तर्फ आकर्षित गर्दै निर्वाहमुखी कृषि तथा पशुपालनलाई व्यावसायिक बनाउन कार्यक्रम कार्यान्वयन समितको मिति २०८०।११।१५ को सिफारिस निर्णय बमोजिम कार्यविधिको देहाय बमोजिम दफामा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो।

क. परिच्छेद २ को दफा ९ को उपदफा १ मा रहेको गाई, भैंसी तथा बाख्रा पालनतर्फ कार्यलयबाट उपलब्ध गराईने अनुदान रकम कुल लागतको बढीमा पचास ५०% प्रतिशतको सट्टा ७५% (पचहत्तर) प्रतिशत बनाउने,

ख. २ को दफा ९ को उपदफा ६ को "क" मा व्यक्तिगत कृषकको हकमा माउ बाख्रा भए १५ सट्टा १० बनाउने,

ग. परिच्छेद २ को दफा ९ को उपदफा ६ को "ख" मा व्यावसायिक रुपमा व्यावसाय सूरु गरेका समूह र फर्मको हकमा माउ बाख्रा भए २० वटाको सट्टा १५ वटा बनाउने,

घ. परिच्छेद २ को दफा ९ को उपदफा ६ को "ख" पश्चात "ग" थप गरी गाई, भैंसी र बाख्रा पालक कृषकहरुको हकमा कम्तिमा तोकिएको मापदण्ड अनुसार हुनुपर्ने, यदि कुनै कृषकसंग अगाडी नै बाख्रा, गाई वा भैसी भएमा सो लाई समेत मापदण्ड पुरा हुने गरी संख्यामा जोडिने छ तर मापदण्ड पुर्याउनको लागि थप गरिएको गाई, भैसी वा बाख्रालाई मात्र खरिद मूल्यको ७५% को भुक्तानी गरिनेछ भन्ने बुँदा राख्ने,

ङ. परिच्छेद ३ को दफा १५ को उपदफा ५ पश्चात ६ थप गरी लाभाग्राहीले अनुदानको लागि आवेदन दिनु अघि नै गाई, भैंसी र बाख्रा पालिराखेको खण्डमा मापदण्ड भित्र पर्ने गरी उक्त पशुको पनि बीमामा गरेको हुनु पर्नेछ र यस्ता पशुधनको बीमा गर्दा बिमा प्रिमियमको १०% प्रतिशत रकम गाउपालिकाबाट अनुदान रकमसँगै भुकतानी गरिने छ भन्ने बुँदा राख्ने र

च. परिच्छेद ३ को दफा १२ को उपदफा १ को "क" मा प्रत्येक वडामा १ लाख बराबरको डेरी सामग्री सहयोग गरिनेको सट्टामा यस्ता लाभग्राही डेरीहरुले दैनिक न्यूनतम ८० लिटर दुध संकलन गरेको हुनुपर्ने ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा स्थानीय निर्देशक समितिको मिति २०८०/१०/०३ गते गाउँपालिका अध्यक्ष एवं स्थानीय निर्देशक समितिका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिना को संयोजकत्वमा बसेको बैठक मार्फत् निर्णय बमोजिम भौगोलिक विकटताका कारण कार्यस्थलबाट सूचिकृत बेरोजकागरको बसोबास स्थल टाढा भई कार्य सम्पादनमा समस्या भएका कारण कामको प्रभावकारीता कायम गर्न सम्बन्धित वडाको सिफारिसको आधारमा बेरोजगार परिचालन गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा सुनकोशी गाउँपालिका-६ अन्तर्पु र लिसङ्खुपाखर गाउँपालिका-७ फुल्पाको बीच भाग भई बहने टिमुरे खोला रहेको र सो खोलाका कारण गाउँबाट वारपार गर्न समेत घण्टौं लाग्ने वा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने वाध्यता रहेको कारण सो खोला माथिको झोलुङ्गे पुल निर्माणको लागि सम्बद्ध निकायलाई अनुरोध गर्दै सो पुलको विस्तृत परियोजना प्रतिवेदन(डि.पि.आर.) तयार गर्नको लागि जनहित ग्रामिण सेवा समित तथा Porvincial Technical Assitance Provider (PTAP) लाई अनुरोध गर्ने निर्णय गरियो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष